# स्थानीय राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्ड :७ शुद्धोधन साउन, १३ गते २०८१ साल संख्या :१ अतिरितांकः-२०८१/०४/१३


## भाग : २

## शुद्धोधन गाउँपालिका

## शुद्धोधन गाउँपालिकाको **सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८१**

**प्रस्तावना**: शुद्धोधन गाउँपालिकाको आर्थिक ऐन, २०८० ले गाउँपालिकाको क्षेत्रभित्रको घर र घरजग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था गरे अनुरुप सम्पत्ति कर प्रशासनलाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न बाञ्छनीय भएकोले, शुद्धोधन गाउँपालिकाको आर्थिक ऐन, २०८१ दफा १४(क) ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद-१ प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यो कार्यविधिको नाम "सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले शुद्धोधन गाउँपालिकाको आर्थिक ऐन, २०८१ लाई सम्झनु पर्छ।

(ख) "करदाता" भन्नाले गाउँपालिका क्षेत्रभित्र र घरले चर्चेको जग्गाको आधिकारिक स्वामित्व भएका व्यक्तिलाई जनाउछ ।

(ग) "घर" भन्नाले सबै प्रकारका भवन, टहरा, गोदाम, सेड, ग्यारेज जस्ता स्थायी संरचनालाई सम्झनु पर्छ ।

(घ) "घरले चर्चेको जग्गा" जम्मा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल वरावरको थप जग्गा सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले शुद्धोधन गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "बिजक" भन्नाले करदातालाई जानकारी दिने उद्देश्यले गाउँपालिकाले तयार गरेको सम्पत्तिको मूल्याङ्कन र सोमा लाग्ने कर सम्बन्धी बिललाई सम्झनुपर्छ ।

(छ) “सम्पत्ति" भन्नाले घर र सो घरले चर्चेको जग्गालाई सम्झनुपर्छ ।

(ज) "सम्पत्ति कर" भन्नाले सम्पत्तिको मूल्याङ्कन गरी सोको आधारमा लाग्ने करलाई सम्झनुपर्छ ।

(झ) "सम्पत्ति धनी" भन्नाले गाउँक्षेत्र भित्र आफ्ना नाममा घर भएका प्राकृतिक तथा अप्राकृतिक व्यक्ति, सरकारी तथा अर्ध सरकारी निकाय वा संघसंस्था समेतलाई जनाउँछ ।

## परिच्छेद २ : सम्पत्तिको विवरण संकलन तथा अभिलेख सम्बन्धी व्यवस्था

३. **सम्पत्तिको विवरण संकलन विधि:** (१) गाउँपालिकाले सम्पत्ति कर लागू गर्ने प्रयोजनका लागि करदाता र निजको नाममा रहेको सम्पत्तिको विवरण संकलन गर्नेछ ।

(२) गाउँपालिकाले प्रत्येक ३ वर्षमा एक पटक गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति धनीहरुलाई अनुसूची- १ बमोजिमको ढाँचामा सम्पत्ति विवरण दाखिला गर्न सूचना आह्वान गर्नेछ । त्यस्तो सूचना पहिलो पटक ३५ दिनको प्रकाशन गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको विवरण संकलनका लागि गाउँपालिकाले सम्पत्ति कर प्रयोजनको लागि तयार गरिएको सम्पत्ति विवरण र करदाताहरूले उपलब्ध गराएको विवरणका आधारमा सम्पत्ति तथा सम्पत्ति धनीको पहिचान गरी सम्पत्तिको लगत अद्यावधिक गर्नेछ ।

**४. सम्पत्ति विवरण संकलन सम्बन्धी व्यवस्था:** (१) दफा ३ बमोजिम करदाताहरुबाट सम्पत्तिको विवरण संकलन तथा अद्यावधिक गर्न अनुसूची- २ बमोजिमको फाराम प्रयोगमा ल्याईनेछ ।

(२) कुनै व्यक्तिको स्वामित्वमा रहेको घर तथा सोले चर्चेको जग्गाको सत्य तथ्य विवरण भरी गाउँपालिकामा दाखिला गर्नु सम्बन्धित सम्पत्ति धनीको कर्तव्य हुनेछ । यसरी सम्पत्ति विवरण दाखिला गर्दा

घर भएको जग्गामा एक भन्दा बढी कित्ता जोडिएको भएमा त्यस्तो विवरण उल्लेख गरी विवरण पेश गर्नु पर्नेछ।

(३) सम्पत्ति धनीले गाउँपालिकामा एकपटक विवरण दाखिला गरिसकेपछि त्यसमा कुनै परिवर्तन नभएसम्म पुन सम्पत्ति विवरण दाखिला गर्नुपर्ने छैन।

(४) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सो मध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछ।

(६) गुठीको स्वामित्वमा रहेको वा सोनी टटएको कारण जग्गाधनीको स्वामित्वमा रहेको जग्गामा गाउँपालिकाबाट नक्सा पास गराई मोहीले निर्माण गरेका घर तथा घरले चर्चेको जग्गाको विवरण संकलन गरी सोको मूल्याङ्कनका आधारमा सम्पत्ति कर मोहीबाट असूल गर्न सकिनेछ।

तर, यसरी सम्पत्ति कर बुझाएक आधारमा मात्र सो घर बनेको जग्गामा मोहीको स्वामित्व कायम भएको मानिने छैन र स्वामित्व कायम हुने व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ 1

(७) करदाताले उपदफा (१) बमोजिमको सम्पत्तिको विवरण सम्पत्ति धनी स्वयंले गाउँपालिका वा तोकीएको वडा कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(८) करदाताले सम्पत्तिको विवरण दाखिला गरिसके पछि घर वा घरले चर्चेको जग्गाको स्वामित्वमा परिवर्तन भएमा वा घरमा थप निर्माण कार्य गरेको वा घरको केही भाग भत्काएको कारणले सम्पत्ति थपघट हुन गएमा सोको प्रमाण सहितको विवरण पैतीस दिनभित्र गाउँपालिकामा बुझाउनु पर्नेछ।

तर, सम्पत्ति धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा सगोलको परिवारका कानूनबमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको वारेसनामा प्राप्त व्यक्तिले र परिवारका अन्य सदस्य नभएका नाबालक तथा असहाय व्यक्तिको हकमा वडा समितिको सिफारिश सहित निजको संरक्षकले सम्पत्ति विवरण बुझाउन सक्नेछ।

**५. सम्पत्तिको प्रमाण तथा विवरण संकलन सम्बन्धी व्यवस्थाः** (१) करदाताले सम्पत्तिको विवरण दाखिला गर्दा क्षेत्रफल समेत खुलेको आफ्नो घर जग्गाको स्वामित्वको प्रमाण साथै पेश गर्नु पर्नेछ।

तर, गुठीको जग्गामा मोहियानी कायम गरी व्यक्ति वा संस्थाले निर्माण गरेका घरहरुको लकमा गुठी संस्थानले गरेको प्रमाणित वा मालपोत तिरेको प्रमाणलाई आधार लिन यसले बाधा पुर्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रमाण आधिकारिक नभएमा त्यस्तो घरजग्गाको विवरण गाउँपालिकाले स्वीकार गर्ने छैन।

(३) करदाताहरूले सम्पत्ति विवरण दाखिला गर्दा देहाय बमोजिमका कागजातहरू समेत सलग्न गरी पेस गर्नु पर्नेछ।

(क) सम्पत्ति कर लागू हुनुभन्दा अघिल्लो आर्थिक वर्षसम्मको घरजग्गा कर वा मालपोत तिरेको निस्सा वा गाउँपालिकाले प्रमाणित गरिदिएको विवरण,

(ख) जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात,

(ग) नक्सा पास गरि बनाएको संरचनाको हकमा घर निर्माण नक्सा पास इजाजत पत्र या निर्माण सम्पन्न भएको प्रमाण मध्ये कुनै एक।

(४) प्रचलित कानून बमोजिम नक्सापास गरी निर्माण गर्नुपर्ने तर नक्सा पास नगरी निर्माण भएका घरको सम्पति विवरण बुझ्दा यस्ता घरको हकमा करदाताले दिएको विवरणलाई नै आधार मानी घरको आकार, प्रकार, बनोट, उपयोग एवं निर्माण मिति कायम गर्न सकिनेछ।

तर, यसरी विवरण स्वीकार गरी सम्पत्ति कर लिएको आधारमा मात्र घरको नक्सा पास भएको मानिने छैन।

(५) गाउँपालिका घोषणा पूर्व बनेका र नक्सा पास नभएका घरहरुको विवरण सम्बन्धित जग्गा धनीले घोषणा गरेको विवरणलाई आधार मानी घरको आकार, प्रकार, बनोट, उपयोग एवं निर्माण मिति कायम गर्न सकिनेछ।

(६) कर तिर्ने दायित्व भएका कुनै सम्पत्ति धनीको जग्गामा निजको मञ्जुरनामा लिई अर्को व्यक्तिले घर निर्माण गरेमा घर समेतको विवरण दालिला गर्ने र सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित जग्गाधनीको हुनेछ।

(७) करदाताले पेश गरेको विवरण तथा प्रमाण जाँच गरी दर्ता गर्न गाउँपालिकाले टोली खटाउन सक्नेछ र यस्ता कर्मचारी वा टोलीले बुझ्न चाहेको सूचना वा माग गरेको विवरण उपलब्ध गराउनु सम्बन्धित सम्पति धनिको कर्तव्य हुनेछ।

(८) कुनै एक करदाताले विवरण दाखिला गरी सम्पत्ति कर बुझाएको सम्पत्ति अर्को व्यक्तिले खरिद गरेमा त्यसरी खरिद गर्ने व्यक्तिले सम्पति खरिद गरेको मितिले पैतिस दिनभित्र खरिद गरेको प्रमाण संलग्न गरी सम्पत्ति विवरण फाराम भरी गाउँपालिकामा बुझाउनु पर्नेछ।

(९) गाउँपालिकाले कम्प्यूटर अनलाईन प्रविधिको व्यवस्था गरी सम्पत्ति विवरण बुझाउने व्यवस्था गर्न सक्नेछ।

**६. सम्पत्तिको अभिलेख सम्बन्धी व्यवस्था:** (१) गाउँपालिकाले वडागत रूपमा अलग अलग लगत किताब खडा गरी प्रत्येक सम्पत्ति तथा सम्पत्ति धनीको छुट्टाछुट्टै विवरण देखिने गरी अनुसूची-३ बमोजिमको ढाँचामा सम्पत्तिको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम राखिएका अभिलेखलाई पुष्टीगर्ने कागजातहरु संकलन गरी व्यवस्थित रुपले फाइलिङ्ग गरी अद्यावधिक गर्नु पर्नेछ।

(३) गाउँपालिकाले सम्पत्ति कर व्यवस्थापन गर्न कम्प्यूटरीकृत प्रविधि प्रयोग गर्न सक्नेछ र यसरी प्रविधिको प्रयोग गर्दा सम्भव भएसम्म सरकारी निकायले विकास गरेको बा प्रमाणित गरेको सफ्टवयर प्रयोगमा ल्याउनु पर्नेछ।

## परिच्छेद ३: सम्पत्तिको मूल्याङ्कन सम्बन्धी व्यवस्था

**७. सम्पत्तिको मूल्याङ्कन विधि**: (१) घर र घरले चर्चेको जग्गाको न्यूनतम मूल्याङ्कन दर अनुसूची- ४ बमोजिमको हुनेछ भने भूमिकर (मालपोत) रजिष्ट्रेसन पारित प्रयोजनको लागि मालपोत कार्यालयबाट मूल्याङ्कन गरेको दरको आधारमा हुनेछ।

(२) घरको मूल्याङ्कन प्रयोजनका लागि घरको आकार, प्रकार, बनोटको किसिम, उपयोग तथा निर्माण मिति करदाताले पेस गरेको विवरण अनुसार कायम गरिनेछ।

तर, नक्सापास भएका घरको हकमा नक्सापास प्रमाणपत्रलाई आधारका रूपमा लिन यस व्यवस्थाले बाधा पुर्याएको मानिनेछन।

(५) घरले चर्चेको जग्गामा एक भन्दा बढी कित्ता जोडिएको भएमा सम्पूर्ण जग्गाहरुलाई एउटै प्लट मानी मूल्याङ्कन गरीनेछ।

(६) यस कार्यविधिमा अन्यन्त्र जे सुकै लेखिएता पनि गाउँपालिकाले होटल, सिनेमा हल, ठूला उद्योग, कलकारखाना जस्ता घरहरूको स्थलगत रुपमा नै नापजाँच गरी मूल्याङ्कन गर्न सक्नेछ।

**८. करदाताको सम्पत्तिको मूल्याङ्कन**: (१) करदाताको सम्पत्तिको मूल्याङ्कन **अनुसूची-५** बमोजिमको ढाँचामा कर अधिकृत वा निजले तोकेको कर्मचारीले गर्नेछ।

तर, सम्पत्ति करको लागि कम्प्युटर सफ्टवेयर जडान गरिएमा सो मार्फत मूल्याङ्कन गर्न यसले बाधा पुरयाएको मानिने छैन।

(२) सम्पत्तिको मूल्याङ्कन दरमा एक आर्थिक वर्षसम्म कुनै पनि संशोधन गरिने छैन।

**९. विवरण पेस नगर्ने करदाताको सम्पत्तिको मूल्याङ्कन सम्बन्धी व्यवस्था:** कुनै करदाताले यस कार्यविधि बमोजिम पेश गर्नुपर्ने विवरण दाखिला नगरेमा कर अधिकृतले त्यस्ता व्यक्तिलाई आर्थिक ऐन र यो कार्यविधिको व्यवस्था बमोजिम विवरण दाखिला गर्न लिखित आदेश वा सूचना दिन सक्ने वा अनुमानको आधारमा कर निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-४: सम्पत्ति करको दररेट निर्धारण तथा विलिङ सम्बन्धी व्यवस्था

**१०. सम्पत्ति करको दररेट तथा अन्य शुल्क निर्धारण**: (१) सम्पत्ति मूल्याङ्कन स्ल्याब करको दर प्रत्येक वर्ष आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ।

(२) गाउँपालिकाको आर्थिक ऐनले फोहोरमैला व्यवस्थापन, सडकबत्ती जस्ता आफूले उपलब्ध गराउने सेवा सुविधाका निम्ति सम्पत्ति करको निश्चित प्रतिशत शुल्क वा दस्तुर थप गरी लगाउने व्यवस्था भएमा गरी सो दस्तुर सम्पत्ति करसंगे असूल उपर गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सेवा सुविधाको निम्ति लगाइएको थप शुल्क वा दस्तुर बापत उठेको रकमको अलग हिसाब राखी राख्नु पर्नेछ।

**११. कर बिजक जारी गर्ने**: (१) सम्पत्तिको मूल्याङ्कन तथा कर निर्धारण भइसकेपछि गाउँपालिकाले **अनुसूची-६** को ढांचामा सम्पत्ति करको बिजक तयार गरी असोज मसान्त भित्र करदातालाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करदातालाई कर बिजक उपलब्ध गराउने कार्यका लागि पत्र, एस.एम.एस, इमेल वा संचारका अन्य माध्यमलाई प्रयोगमा ल्याउन सकिनेछ।

(३) गाउँपालिकाबाट सम्पत्ति करको विजक तयार भइनसकेको अवस्थामा करदाताले कर बुझाउन चाहेमा तत्कालै बिजक तयार गरी कर असुल गर्नु पर्नेछ।

(४) गाउँपालिकाले जारी गरेको बिजक उपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले तीस दिन भित्र प्रमुख प्रशासकिय अधिकृत समक्ष लिखित रूपमा गुनासो वा उजुरी गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम पर्न आएको निवेदन माथि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गरी तीस दिन भित्र निर्णय दिनु पर्नेछ।

## परिच्छेद ५ सम्पत्ति कर असुली सम्बन्धी व्यवस्था

**१२. सम्पत्ति कर असुली:** (१) गाउँपालिकाले सम्पत्ति कर व्यवस्थापनका लागि छुटै सम्पत्ति कर इकाई गठन गर्न वा सो सम्बन्धी काम गर्न वडाको कुनै कर्मचारी तोक्न सक्नेछ।

(२) सम्पत्ति कर सम्बन्धी सम्पूर्ण अभिलेखहरु उपदफा (१) बमोजिमको इकाई प्रमुख वा तोकिएको कर्मचारीको जिम्मामा रहनेछ।

(३) करदाताबाट सम्पत्ति कर असूल गर्नुपूर्व सम्पूर्ण जग्गाको मालपोत रकम असुल गरी सम्पत्ति कर निर्धारण भए पश्चात घरले चर्चेको जग्गाको हुन आउने मालपोत रकम कट्टा गरी खुद सम्पत्ति कर निर्धारण गर्नु पर्नेछ।

(४) गाउँपालिकाको सम्पत्ति कर इकाईबाट असुल भएको सम्पत्ती कर रकमको दैनिक विवरण तयार गरी सोको भोलिपल्ट बैंक दाखिला गर्ने र सोको बैंक दाखिला भौचर तथा विवरण आर्थिक प्रशासन महाशाखामा बुझाउने दायित्व सम्बन्धित शाखा प्रमुखको हुनेछ।

(५) वडा कार्यालयहरुबाट संकलन भएको सम्पति कर रकम हरेक हप्ताको आईतवार बैंक दाखिला गरी सो को भौचर तथा विवरण राजस्व शाखामा बुझाउने दायित्व सम्बन्धित वडा सचिवको हुनेछ।

(६) सम्पत्ति कर संकलन गर्न खटिएको कर्मचारीले करदाताबाट सम्पत्ति कर असूल भैसकेपछि निजलाई तत्कालै सोको निम्मा स्वरूप अनुसूची-७ बमोजिमको ढाँचामा नगदी रसिद उपलब्ध गराउनु पर्नेछ ।

(७) करदाताले गाउँपालिकामा सम्पत्तिको विवरण दाखिला नगरेको वा गाउँपालिकाले सम्पत्ति पहिचान गर्न नसकेका कारणले कुनै करदाता कर तिर्ने दायित्वबाट मुक्त हुने छैन।

(८) आर्थिक ऐनबाट सम्पत्ति कर लागू गर्ने निर्णय भइसकेपछि कुनै पनि अवस्थामा कुनै पनि अवस्थामा कर असुलीमा छुट दिईने छैन।

(९) करदाताले ऐन तथा यस कार्यविधि बमोजिम बुझाउँनु पर्ने सम्पत्ति कर अग्रीम रुपमा बुझाउँन चाहेमा गाउँपालिकाले अग्रीम रुपमा रकम बुझ्न सक्नेछ र यसरी बुझेको रकमलाई धरौटीको रुपमा राखी प्रत्येक वर्ष कर रकममा मिलान गरिनेछ।

(१०) गाउँपालिकाले अनलाईन विधिबाट कर संकलन गर्ने व्यवस्था गर्न सक्नेछ। अनलाईनबाट कर असुल भएपछि सम्बन्धित व्यक्तीको इमेल ठेगानामा नगदी रसिदको प्रतिलिपि पठाउने व्यवस्था गर्नु पर्नेछ।

## परिच्छेद ६ पुरस्कार, मिनाहा तथा दण्ड जरिवानासम्बन्धी व्यवस्था

**१३. जरिवाना लाग्ने:** (१) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः कर निर्धारण गरी जरिवाना सहितको कर रकम असुल उपर गरिनेछ र यस्तो जरिवाना लुकाएको सम्पत्तिमा लाग्ने करको पचास प्रतिशत रकम बराबर हुनेछ।

(२) करदाताले सक्कल कागजातलाई केरमेट गरी विवरण अन्यथा गरेको, घरको पूरा तल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, घरको प्रकार तथा बनोटको किसिम फरक पारेको र घरको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा मोलाई झूट्टा विवरण दाखिला गरेको मानी उपदफा (१) बमोजिम पुनः कर निर्धारण गरी जरिवाना समेत असुलउपर गरिनेछ ।

(३) कुनै सम्पत्ति धनीले झुट्टा विवरण दाखिला गरेको भनी गाउँपालिकामा उजुरी प्राप्त भएमा वा अन्य कुनै स्रोतबाट कर इकाईमा जानकारी प्राप्त हुन आएमा त्यस्तो उजुरी उपर प्रमुख प्रशासकीय अधिकृतले आफै वा अन्य कर्मचारी खटाई पैतिस दिनभित्र जाँचबुझ गर्नु गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा उजुरी सही ठहरिएमा उजुरी दिने व्यक्तिलाई त्यस्तो करदाताबाट असूल भएको जरिवानाको १५ प्रतिशत रकम पुरस्कार दिई सोको अभिलेख गोप्य राखिनेछ।

**१४. कर छूट तथा जरिवाना सम्बन्धी व्यवस्था:** (१) गाउँपालिका क्षेत्रभित्रका सम्पत्ति लिने प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षभित्र भुक्तानी गरिसक्नु पर्नेछ।

(२) समय भन्दा पहिले भुक्तानी गर्ने करदातालाई दिईने छुट तथा विगतको बक्यौता लाग्ने जरिवाना आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस्तो जरिवाना रकम करदाताले तिनुपर्ने कर रकमभन्दा वढी हुनेछैन।

(४) सम्पत्ति कर बक्यौता राख्ने करदातालाई गाउँपालिकाले उपलब्ध गराउँदै आएको आकस्मिक बाहेकका अन्य सेवा सुविधा बन्द गर्न सक्नेछ।

(५) सम्पत्ति कर तिरेको नगद रसिद पेश नगरेसम्म करदातालाई गाउँपालिकाबाट प्रदान गरिने अन्य नयाँ सेवा सुविधाहरू उपलब्ध गराइने छैन।

(६) ऐन तथा यस कार्यविधि बमोजिम निर्धारण भएको सम्पत्ति कर तथा सोमा लाग्ने जरिवाना गाउँपालिकाको कुनै पनि निर्णयबाट छूट वा मिनाहा दिइनेछैन।

(७) उपदफा (६) को व्यवस्था विपरीत गाउँपालिकाको कुनै समिति, पदाधिकारी वा कर्मचारीले कर तथा जरिवाना मिनाहा दिएको खण्डमा मिनाहा दिएको रकम निजबाट असुलउपर गरिनेछ।

तर, कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा क्षति बराबरको सम्पत्तिमा लाग्ने कर गाउँपालिकाको कार्यपालिकाको निर्णयले मिनाहा दिन सकिनेछ।

(८) सम्पत्ति कर चुक्ता भइसकेको कुनै सम्पत्तिमा सोही आर्थिक वर्षमा पुनः कर लाग्ने छैन।

(९) सम्पत्ति कर लागू हुनुभन्दा अघिका आर्थिक वर्षको घर तथा जग्गामा लाग्ने मालपोत वा घरजग्गा कर चुक्ता नभएसम्म गाउँपालिकाले सम्पत्ति कर बुझिलिने छैन।

## परिच्छेद ७: विविध

**१५. स्वयंसेवक नियुक्त गर्नसक्ने:** सम्पत्तिको विवरण संकलन तथा कम्प्युटरमा प्रविष्ट गर्ने काम मौजुदा कर्मचारीबाट निर्धारित समयमा सम्पन्न गर्न नसकिने भएमा कार्यपालिकाले समय, लागत र कार्यक्षेत्र तोकी बढीमा ३ महिनाको लागि स्वयंसेवकहरु परिचालन गर्न सक्ने गरी कार्य गर्न सक्नेछ।

**१६. कर्मचारीलाई थप सुविधा दिनसक्ने**: सम्पत्तिको विवरण दाखिला मूल्याङ्कन गरी बिजक तयार गर्ने काम निर्धारित समयमा सम्पन्न गर्न मौजूदा कर्मचारीलाई अतिरिक्त समय कार्य गराउनु पर्ने अवस्थामा प्रति एकाई कार्यको निमित्त गाउँपालिकाले तोकेको दरले थप सुविधा दिन सकिनेछ।

**१७. कागजातको गोप्यता**: सम्पत्ति कर प्रयोजनका लागि करदाताबाट प्राप्त कागजात तथा अभिलेख गोप्य राखिनेछ र यस्तो कागजात तथा अभिलेख गाउँपालिकाको प्रयोजन बाहेक अन्य कार्यमा प्रमाणको रुपमा उपयोग गरिने छैन।

तर, कुनै सरकारी निकायबाट सो सम्बन्धी जानकारी माग भई आएमा प्रमुख प्रशासकिय अधिकृतले त्यस्तो अभिलेख वा कागजात उपलब्ध गराउन सक्नेछ।

**१८. खाता तथा फाराम**: सम्पत्ति करको प्रयोजनका लागि गाउँपालिकाले आवश्यक खाता तथा फारामको विकास गरी लागू गर्न सक्नेछ।

**१९. सम्पत्ति मूल्याङ्कन सिफारिशको आधार:** गाउँपालिकाले करदातालाई आय प्रमाणित तथा सम्पत्तिको मूल्याङ्कन प्रमाणित गरी उपलब्ध गराउँदा निजले सम्पत्ति कर तिर्ने प्रयोजनका लागि कायम भएको मूल्यलाई आधार मानिनेछ।

**२०. सहयोग लिनसक्ने:** गाउँपालिकाले जग्गा तथा घरको लगत अद्यावधिक गर्ने कार्यालयका लागि जग्गाको नापी गराउने, जग्गा खरिद बिक्रीको सूचना प्राप्त गर्ने, जग्गाको मूल्याङ्कन दर कायम गर्ने जस्ता कार्यको लागि अन्य सरकारी कार्यालयसँग समन्वय तथा सहकार्य गर्न सक्नेछ।

**२१. विवरण सार्वजनिक गर्नुपर्ने:** गाउँपालिकाले मासिक रूपमा असुल भएको सम्पत्ति कर र वार्षिक रूपमा उठेको सम्पत्ति कर तथा सो सम्बन्धमा भएका क्रियाकलापहरुको समीक्षा सहितको विवरण तयार गरी वार्षिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

**२२. अधिकार प्रत्यायोजन:** यस कार्यविधि बमोजिम कर अधिकृतलाई प्राप्त अधिकार मातहतका कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सकिनेछ।

**२३. थप फारामहरुको ढाँचा स्वीकृत गर्ने:** यस कार्यविधिको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक थप फारामहरुको ढाँचा तयार गर्न सक्नेछ।

**२४. कार्यविधिको व्याख्या संशोधन:** (१) यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

(२) संघीय कानून वा गाउँपालिकाको प्रचलित एनेमा संशोधन भएको कारण यस कार्यविधिमा उल्लिखित प्रावधानहरु सो कानूनको प्रतिकूल हुन गएको अवस्थामा बाहेक यस कार्यविधिका व्यवस्थाहरु कायम रहेको मानिनेछ।

**२५. बाधा अड्काउ फुकाउ:** यस कार्यविधिमा भएका व्यवस्थाहरु कार्यान्वयन गर्दा कुनै बाधा आईपरेमा अड्काउ आईपरेमा गाउँ कार्यपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाउन सकिनेछ।

**२६.खारेजी र बचाउः-** शुद्धोधन गाउँपालिको एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५ खारेज गरिएको छ र सो कार्यविधि अनुसार भएका कामहरू यसै बमोजिम भएको मानिने छ।

**अनुसूची १**
**(दफा ३ को उपदफा (२)सँग सम्बन्धित)**
**शुद्धोधन गाउँ कार्यपालिकाको कार्यालय**
**मानपकड़ी, रुपन्देही**
**सम्पत्ति विवरण पेश गर्नेबारे सम्पत्ति धनीहरूलाई अत्यन्त जरुरी सूचना**

यस शुद्धोधन गाउँपालिकाले आर्थिक ऐन २०८० बमोजिम सम्पति कर असूल गर्ने प्रयोजनको लागि यस गाउँपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गाधनीहरूलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी शुद्धोधन गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा विवरण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

सम्पत्ति विवरण दाखिला गर्ने फाराम वडा कार्यालयबाट उपलब्ध हुने हुँदा फाराम प्राप्त गर्नुभई सो फाराममा सत्यतथ्य विवरण भरी तपसिलका कागजातहरु सलग्न राखि आगामी............. महिना.........गते भित्र सम्वन्धित वडा कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ। यस्तो विवरण जग्गाधनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र बुझाउन सक्नेछन्। शुद्धोधन गाउँपालिकाले तोकेको अन्तिम मितिसम्म पनि विवरण दाखिला नगर्ने जग्गाधनीहरूले विलम्ब शुल्क तिर्नुपर्ने हुँदा तोकिएको समयभित्रै आ–आफ्नो सम्पत्ति (घर र घरले चर्चेको जग्गा) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ। विगतका बर्षहरूमा बुझाई सकेका करदाताले समेत यस पटक अनिवार्यरुपमा आ-आफ्नो विवरण बुझाउनु हुन जानकारी गराईन्छ।

**विवरणसाथ संलग्न गर्नु पर्ने कागजातहरू**

क) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
ख) नागरिकता प्रमाण पत्रको प्रतिलिपि, हाल सम्म सम्पत्ति कर र मालपोत बुझाएको रसिदको प्रतिलिपि
ग) सम्पत्ति धनी वा निजको परिवारको उमेर पुगेकी सदस्य उपस्थित हुन नसकेमा निजले दिएको मञ्जुरीनामा
घ) गाउँपालिका गठन पश्चात बनेको घर भएमा निर्माण इजाजत या कार्य सम्पन्न प्रतिवेदनको प्रतिलिपी

- विस्तृत जानकारीको लागि सम्वन्धित वडा कार्यालय वा गाउँपालिकाको राजस्व शाखामा सम्पर्क राख्न सकिने छ।

**अनुसूची- २**
**(दफा ४ को उपदफा (१) संग सम्बन्धित)**
**शुद्धोधन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**मानपकड़ी, रुपन्देही ।**
**सम्पत्ति विवरण दाखिला फाराम**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
शुद्धोधन गाउँ कार्यपालिकाको कार्यालय,
मानपकड़ी, रुपन्देही ।

महोदय,

यस गाउँपालिकाको मिति ........ गते प्रकाशित सूचना अनुसार मैले/हामीले सम्पत्ति कर प्रयोजनका लागि तपसिलमा लेखिए बमोजिमको सम्पत्तिको विवरण दाखिला गरेको छु । यस बमोजिम गाउँपालिकाले सम्पत्ति कर निर्धारण गरि दिएमा मेरो हाम्रो मन्जुर छ, तपसिलमा उल्लेखित विवरणहरू झुट्टा ठहरे गाउँपालिकाको निर्णय तथा कानून वमोजिम दण्ड सजाय सहुँला बुझाउँला ।

(क) सम्पति धनीको विवरण

१. सम्पति धनीको नाम र थरः
२. बाबु पतिको नाम र परः
३. बाजे ससुराको नाम र थरः
४. नागरिकता प्रमाण पत्र नम्बर:
५. पेशा व्यवसायः
६. घर जग्गा घरधनी बसोबास गर्ने
   न.पा./गा.पा.
   वडा नं.   टोल   बस्ती   घर नं.
   ईमेलः
७. सम्पत्ती धनीको पारिवारिक विवरणः

**क्र.स.** **परिवारका सदस्यहरको नाम** **सम्पत्ति धनीसंगको नाता**

१.

२.

(ख) विवरण दाखिला गर्ने व्यक्तिको विवरण

दस्तखतः
नाम र थरः
ठेगानाः
जग्गा घरधनीसगँको नाताः
मितिः

३.

ग) सम्पत्तिको विवरणः

१. घरको विवरणः

| घर रहेको कि.नं. | घरको प्रकार (भवन, गोदाम, टहरा) | घरको | | | | | | घरको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तल्ला | लम्बाई | चौडाई | जगले ओगटेको क्षेत्रफल (वर्ग फुटमा) | कुल क्षेत्रफल (३x६) (वर्ग फुटमा) | बनेको मिति (साल) | घरको बनोट (बनोट र छाना खुलाउने) | घरको उपयोग (घ/व्य/औं/सघं) | प्रयोगकर्ता (स्वयं भाडा मिश्रीत) | कैफियत |
| (१) | (२) | (३) | (४) | (५) | (६) | (७) | (८) | (९) | (१०) | (११) | (१२) |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**फाराम भर्नको लागि मार्गदर्शन**

(१) घर भएको जग्गाको कित्ता र सो जग्गाले छोएका अन्य कित्ताहरु भएमा सम्पुर्ण कित्ताको नम्बर उल्लेख गर्ने।

(२) त्यस स्थानमा भएका सम्पूर्ण भवनहरु, गोदाम, टहरा जे जति छन् सबै क्रमश उल्लेख गर्दै जाने । यदी एउटै भवनमा पनि फरक फरक किसिमको बनोट भएमा छुट्टा छुट्टै खानामा उल्लेख गर्ने ।

(३) भवनको तल्ला उल्लेख गर्ने ।

(४) र (५) भवनको लम्बाई र चौडाई उल्लेख गर्ने ।

(६) घरको जग एरियाले ओगटेको क्षेत्रफल उल्लेख गर्ने ।

(७) घरको सबै तल्लाको जोड क्षेत्रफल उल्लेख गर्ने

(८) घर निर्माण सम्पन्न भएको साल उल्लेख गर्ने ।

(९) घरको बनोट पर्खाल र छाना उल्लेख गर्ने उदाहरण (क) आर. सि. सि. फ्रेम स्टक्चर, (ख) सिमेन्ट जोडाई भएको आर. सि. सि. आर. वि.सी छाना, (ग) सिमेन्ट जोडाईमा जस्ता झिंगटी टायलको छाना (घ) माटोको जोडाई वा प्रिफ्याव वा काठले बनेकोमा जस्ता झिंगटी टायलको छाना (ङ) सेड, (च) कच्ची कर

(१०) घर कुन उपयोगकोलागि बनाइएको हो ? (क) व्यापारिक, (ख) औद्योगिक (ग) संस्थागत (घ) घरायसी

(क) व्यापारिक उपयोग भन्नाले एक भन्दा वढी सटर राखी निर्माण भएको घर वा व्यावसायिक उद्देश्यले निर्माण भएका तर सटर नभएका भवन ।

(ख) औद्योगिक उपयोग भन्नाले होटल, सिनेमा हल, पार्टीप्यालेमा उत्पादन मूलक उद्योग, गोदाम जस्ता संरचना

(ग) संस्थागत प्रयोजन भन्नाने अस्पताल, विद्यालय, कलेज, बैंक, कर्पोरेट हाउस जस्ता संरचना ।

(घ) घरायसी प्रयोजन भन्नाले एक वटासम्म सटर भएका आवासिय घर ।

(११) प्रयोगकर्ता आफै वा आंसिक भाडा वा पुरै भाड़ा के हो खुलाउने ।

(१२) अन्य थप विवरण भए खुलाउने उदाहरण तल्सीनको जग्गामा बनेको, विवादित जग्गामा बनेको, अर्काको जग्गामा सम्झौताको आधारमा बनेको घर ।

२. जग्गाको विवरण :

<table>
<tr><td rowspan="2"></td><td colspan="6">घर रहेको जग्गाको विवरण</td><td rowspan="3">जग्गा जोडिएको मुख्य सडक (सडकको नाम वा सडकको प्रकार)</td><td rowspan="3">न्यूनतम मूल्याङ्कन प्रति कठ्ठा (कार्यालयले भर्ने)</td><td rowspan="3">कैफियत</td></tr>
<tr><td rowspan="2">क्र.स.</td><td rowspan="2">साविक (गा.वि.स र वडा)</td><td rowspan="2">हालको वडा नं.</td><td colspan="3">क्षेत्रफल</td><td rowspan="2">जग्गा रहेको स्थान</td></tr>
<tr><td>सम्पत्ति कर प्रयोजनको क्षेत्रफल (कठ्ठा)</td><td>मालपोत प्रयोजनको क्षेत्रफल</td><td>जम्मा क्षेत्रफल</td></tr>
<tr><td>(१)</td><td>(२)</td><td>(३)</td><td>(४)</td><td></td><td></td><td>(५)</td><td>(६)</td><td>(७)</td><td>(८)</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>

**फाराम भर्नको लागि मार्गदर्शन**

(१) घर भएको जग्गाको कित्ता र सो जग्गाले छोएका अन्य कित्ताहरु भएमा सम्पूर्ण कित्ताको नम्बर उल्लेख गर्न

(२) र (३) जग्गा रहेको साविकको गाविस र वडा र हालको वडा ने उल्लेख गर्ने।

(४) जग्गाको पुरै क्षेत्रफल उल्लेख गर्ने (बिगाहा-काठ्ठा-धुर)।

(५) जग्गा रहेको टोल वा वस्तीको नाम उल्लेख गर्ने।

(६) जग्गा जोडिएको सडकको नाम भए नाम र सडकको नाम नभएमा सडकको प्रकार उल्लेख गर्ने उदाहरण गोरेटो कच्ची सडक, ग्रामल सडक पक्की सड़क

(७) कार्यालयले भने भएकोले सम्पत्ति धनीले भने नपर्ने।

(८) जग्गा सम्बन्धी अन्य थप विवरण भए खुलाउने।

**घ. कार्यालयले भर्ने**

**यस विवरणसाथ संलग्न गर्नु पर्ने कागजातहरू**

ङ) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि

च) नागरिकता प्रमाण पत्रको प्रतिलिपि सम्पत्ति कर लागू हुनु पूर्व सम्मको एकीकृत सम्पत्ति कर र मालपोत बुझाएको रसिदको प्रतिलिपि

छ) सम्पत्ति कर लागु हुन पूर्व सम्मको एकिकृत सम्पत्ति कर र मालपोत बुझाएको रसिदको प्रतिलिपि

ज) सम्पत्ति धनी वा निजको परिवारको उमेर पुगेकी सदस्य उपस्थित हुन नसकेमा निजले दिएको मञ्जुरीनामा

झ) गाउँपालिका गठन पश्चात बनेको घर भएमा निर्माण इजाजत या कार्य सम्पन्न प्रतिवेदनको प्रतिलिपी

**गाउँपालिकाले सम्पत्ति विवरण दाखिला सम्बन्धमा गरेका मुख्य व्यवस्थाहरू :**

(क) यस फाराम अनुसार गाउँपालिका क्षेत्र भित्र आफ्नो स्वामित्वमा भएका सम्पूर्ण जग्गा तथा घरको सत्यतथ्य विवरण भरी दाखिला गाउँपालिका कार्यालय वा तोकिएको वडा कार्यालयमा गर्नु पर्नेछ।

(ख) ख) सम्पत्तिको विवरण दाखिला गरेपछि जग्गा खरिदविक्री वा संरचना निर्माणको कारणले सम्पत्ति अपघट भएमा सोको प्रमाणसहितको विवरण पैतीस (३५) दिनभित्र गाउँपालिका वा तोकिएको बडा कार्यालयमा बुझाउनु पर्नेछ।

(ग) ग) कुनै कारणवश धनी स्वयं उपस्थित भई विवरण दाखिला गर्न नसकेमा संगीत परिवारका कानून बमोजिम उमेर पुगेका कुनै सदस्यले वा सम्पत्ति धनीको मञ्जुरीनामा प्राप्त व्यक्तिले दाखिला गर्न सक्नेछन्।

(घ) संयुक्त स्वामित्वमा रहेको सम्पत्तिको विवरण सम्पत्ति धनीहरूले संयुक्त रूपमा वा सोमध्ये कुनै एकजनाले दाखिला गर्न सक्नेछन्।

(ङ) सम्पत्ति करका लागि करदाताले गाउँपालिका समक्ष दाखिला गरेको सम्पत्ति विवरणको आधारमा गाउँपालिकाले सम्पत्तिको मूल्याङ्कन गर्नेछ।

(च) करदाताले सक्कल कागजातलाई केरमेट गरी विवरण अन्यथा गरेको घरको पूरा हल्लाको संख्या उल्लेख नगरेको, एक तल्लाको क्षेत्रफलमा पन्ध्र प्रतिशतभन्दा बढी फरक पारेको, घरको प्रकार तथा बनोटको किसिम फरक पारेको र घरको प्रयोग सम्बन्धमा गलत विवरण दाखिला गरेको पाइएमा सोलाई कुट्टा विवरण दाखिला गरेको मानी पुन कर निर्धारण गरी जरिवाना समेत असुलउपर गरिनेछ।

(छ) करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पन मूल्याङ्कन गरी जरिवाना सहितको कर रकम असुलउपर गरिनेछ। यस्तो जरिवाना लुकाएको सम्पत्तिमा लाग्ने करको ५० प्रतिशत रकम बराबर हुनेछ।

अनुसूची ३
(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)
शुद्धोधन गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय,
मानपकड़ी, रुपन्देही ।

**सम्पत्ति अभिलेख फारम**

| **सि. नं.** | **सम्पत्ति धनी को नाम** | **ठेगाना** | | **घर रहेको जग्गाको विवरण** | | **घरको प्रकार (भवन, गोदाम, सेड)** | **घर बने को मिति (साल मा)** | **घरको** | | | **घरको उपयोग (घ/व्य/औ/ संघ)** | प्रयोगकर्ता (स्वयं/भाँडा/ मिश्रीत) | **कैपियत (सम्पत्तिको थप/घट उल्लेख गर्ने)** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा. पा. | वडा, टोल, घर नं. | कि. नं. | क्षेत्र फल | | | क्षेत्रफल (वर्ग फि.) | बनोटको किसिम | तला संख्या | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची-४

(दफा ७ को उपदफा (१) संग सम्बन्धीत)

**क.घरको मूल्यांकन दर**

| प्रकार | बनोट | उपयोग | मूल्यांकन प्रति वर्ग फिट रु. |
|---|---|---|---|
| भवन | स्टील फ्रेम स्ट्रक्चर, फारवर बि जस्ता संरचना | सबै उपयोग | |
| भवन | आर.सि.सि. फ्रेम स्ट्रक्चर | सबै उपयोग | |
| भवन | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि. वा आर वि.सि.) गरिएको घर | सबै उपयोग | |
| भवन | भित्र बाहिर पाको ईटा वा ढुङ्गामा माटोको जोडाई भई भित्र बाहिर सिमेन्ट प्लास्टर गरी छाना ढलान (आर.सि.सि. वा आर वि.सि.) गरिएको | सबै उपयोग | |
| भवन | ईट्टामा सिमेन्ट वा माटोको जोडाई भएको वा काठैकाठ वा जस्ताको बेरा बाट बनेको र जस्ता झिंगटी, टायल, पसबेस्टसको छाना भएको घर | सबै उपयोग | |
| सेड | जस्ता वा टायलले छाना मात्र भएको | सबै उपयोग | |
| कच्ची घर | कच्ची छाना भएको | सबै उपयोग | |

ख.घरको बनोटका आधारमा सम्पत्ति मूल्याङ्कन तथा करको दरः

सम्पत्तिकरभूमिकर प्रयोजन र रजिष्ट्रेसन पारित प्रयोजनको लागि सम्पत्ति मूल्याङ्कन गर्दा जग्गाको हकमा मालपोत कार्यालयबाट/ रजिष्ट्रेसन पारित प्रयोजनको लागि कायम गरेको न्यूनतम मूल्य र भौतिक संरचनाको हकमा निम्न बमोजिम मूल्याङ्कन कायम गरि हुन आउने कुल मूल्यमा सम्पत्तिकर र भूमिकर(मालपोत) लिइनेछ।

सम्पत्तिकर, भूमिकरको दर रकम निर्धारण विधिः

१. गाउँपालिका क्षेत्र भित्र आफ्नो संरचना(भवनआदि ,टहरा ,ग्यारेज ,) र जमिनको एकीकृत विवरण सम्बन्धित कर दाताले पेश गर्नुपर्नेछ।
२. भूमिकरसम्पत्तिकर प्रोजनका लागि जग्गाको मूल्याङ्कन गर्दा रजिष्ट्रेसन प्रयोजनका लागि निर्धारण गरिएको मालपोत/ कार्यालयको न्यूनतम मूल्याङ्कनलाई आधार बनाई गरिनेछ।
३. गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण संरचना र सो संरचनाले चर्चेको क्षेत्रफलभन्दा बढी जग्गा भएमा संरचनाले ओगटेको जग्गा सोही क्षेत्रफल बराबर थप जग्गाको एकीकृत मूल्याङ्कन गरि सम्पत्तिकर निर्धारण गरिनेछ र सो बाहेकको जग्गामा आर्थिक ऐन अनुसार भूमिकर (मालपोत) कर लाग्ने छ।

   सम्पत्ति करको न्यूनतम दर देहाय बमोजिम हुनेछः

ख.भौतिक संरचनाको मूल्याङ्कन(प्रति स्क्वायर फिट) देहाय बमोजिम हुनेछ।

| क्र.स. | भवन बनोटको प्रकृति | ०८०/०८१ | ह्रास कट्टीदर प्रति वर्ष % मा | ह्रास कट्टी गरिने वर्ष |
|---|---|---|---|---|
| १. | भित्र काचो बाहिर पाको इटामा माटोको जोडाइ भएको वा काठै काठले बनेको र जस्ता झिंगटी टायलको छानो | ४०० | ३% | २५ |
| २. | भित्र बाहिर पाको इटा वा ढुङ्गामा माटोको जोडाइ भई सिमेन्ट प्लास्टर भएको जस्ता झिंगटी टायलको छानो | ४५० | २% | ३० |
| ३. | भित्र बाहिर पाको इटामा वा ढुङ्गामा सिमेन्ट जोडाइ प्लास्टर भएको आरसिसिछाना भएको घर .सि.बि.आर/ | ८०० | १% | ७० |
| ४. | आरफ्रेम स्टक्चर भएको घर.सि.सि. | | १% | १०० |
| | आवासीय भवन | १००० | | |
| | व्यवसायिकसंस्थागत भवन/ | ११०० | | |
| ५. | सेड जस्ता वा टायलले छाना मात्र भएको | २०० | ३% | ३० |
| | कच्ची छाना भएको | १५० | ३% | १० |

- सम्पत्तिकर प्रयोजनका लागि आवासीय भवन भन्नाले गाउँपालिका क्षेत्रभित्र व्यापारिक उद्देश्य नराखि १ वटा सटरसम्म राखि बनाएको भवनलाई बुझिनेछ । तर मुख्य बजार क्षेत्रभित्र सटर बनाई कुनै पनि व्यवसायिक र संस्थागत गतिविधि र आर्थिक क्रियाकलाप संचालन भएका वा त्यस प्रकृतिका भवनलाई व्यवसायिकसंस्थागत भवन मा/निनेछ ।

अनुसूची-५

(दफा ८ को उपदफा (१) संग सम्बन्धीत)

शुद्धोधन गाउँपालिकाको कार्यालय,

मानपकड़ी, रुपन्देही ।

**सम्पत्ति मूलयाङ्कन फारम**

करदाताको संकेत नम्बरः

कर निर्धारण गरेको आ.व.

सम्पत्ति धनीको नामः

ठेगानाः

टोल ............. बस्ती ................. घर नं............................

(क)घरको मूल्याङ्कनः

| घर संख्या | प्रकार | तल्ला | बनोट को किसिम | उपयोग | कुल क्षेत्रफल | प्रति वर्गफिट मूल्य | शुरुको मूल्याङ्कन | पुरा भए को वर्ष | ह्रास कट्टी प्रतिशत | ह्रास कट्टी हुने कम | घरको कायम मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

(ख)जग्गाको मूल्यांकनः

| कित्ता नं. | साविकको गा.वि.स र वडा | हालको वडा र टोल | जग्गाको कुल क्षेत्रफल (कठ्ठामा) | सम्पत्तिको करको लागि कायम भएको क्षेत्रफल (वर्ग फिटमा) | जग्गाको मूल्य प्रति कठ्ठा (३६४५ वर्ग फिट) | जग्गाको कायम मूल्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | जग्गाको जम्मा कायम मूल्य रु. | |

मूल्याङ्कन मितिः

मूल्याङ्कन कर्ताः

अनुसूची-६

(दफा ११ को उपदफा (१) संग सम्बन्धीत)

शुद्धोधन  गाउँपालिकाको कार्यालय,

मानपकड़ी, रुपन्देही ।

सम्पत्ति करको विजक

करदाताको संकेत नम्बरः

कर निर्धारण गरेको आ.व.

सम्पत्ति धनीको नामः

ठेगानाः

टोल............ बस्ती .............. घर नं................

| घर संख्या | घरको क्षेत्रफल | घरको मूल्य | ह्रासकट्टी | घरको मूल्य | कर लाग्ने जग्गाको क्षेत्रफल (वर्ग फिटमा) | जग्गाको कायम मूल्य | घर र घरजग्गाको कायम मूल्य |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| घर जग्गाको जम्मा कायम मूल्य रु. | | | | | | | |
| सम्पत्ति कर रु. | | | | | | | |
| घटाउने, कायम भएको जग्गामा लाग्ने मालपोत वा भूमिकर रु. | | | | | | | |
| जम्मा सम्पत्ति कर रु. | | | | | | | |
| सेवा शुल्क रु. | | | | | | | |

आ.व. ................का लागि तपाईको सम्पत्तिमा उपरोक्त बमोजिम सम्पत्ति कर तथा शुल्क निर्धारण भएको हुँदा समयभित्रै कर भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ। कर निर्धारण सम्बन्धी कुनै कुरामा चित्त नबुझेमा २५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन गर्न सकिने व्यहोरा समेत अनुरोध गरिन्छ।

**बिजक पठाउनेः**

मितिः

अनुसूची-७

(दफा १२ को उपदफा (६) संग सम्बन्धीत)

शुद्धोधन गाउँपालिकाको कार्यालय,

मानपकड़ी, रुपन्देही ।

<u>सम्पत्ति करको नगदी रसिद</u>

रसिद नम्बरः

कर निर्धारण गरेको आ.व.

सम्पत्ति धनीको नामः

बुझेको मितिः

ठेगानाः

करदाता संकेत नं.

टोल .......... बस्ती ............ घर नं. ...................

खातापाना नं.

| जग्गाको विवरण | | | | | | जग्गाको कायम मूल्य | घरको विवरण | | | | | घरको मूल्य | ह्रास कट्टी | घरको कायम मूल्य | सम्पत्तिको मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कित्ता नं. | साविकको गा.वि.स र वडा | हालको वडा र टोल | जग्गा रहेका स्थान | जग्गाको जम्मा क्षेत्रफल (कठ्ठामा) | कर लाग्ने जग्गाको क्षेत्रफल | | प्रकार | तल्ला | किसिम | प्रयोग | क्षेत्रफल (व.फि.) | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| सम्पत्ति जम्मा मूल्य | | | | | | | | | | | | | | | |
| चालु आ.व. को सम्पत्ति कर रु. | | | | | | | | | | | | | | | |
| वक्यौता सम्पत्ति कर (आ.व..............देखि.........सम्म) | | | | | | | | | | | | | | | |
| जोड्ने, जरिवाना रु. | | | | | | | | | | | | | | | |
| घटाउने, छुट रु. | | | | | | | | | | | | | | | |
| सेवा शुल्क रु. | | | | | | | | | | | | | | | |
| कुल जम्मा रु. | | | | | | | | | | | | | | | |

अक्षरुपीः

रकम बुझिलिनेको सहीः

प्रमाणित मितिः २०८१/०४/ १३

आज्ञाले

विष्णु बहादुर घर्ती

प्रमुख प्रशासकीय अधिकृत